नेपाल सरकार

गृह मन्त्रालय

# ईलाका प्रशासन कार्यालय

राजापुर, बर्दिया

(सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण)




२०८३ साल वैशाख, जेठ र असार महिनामा

सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

(स्वतः प्रकाशन)

फोन नं. ०८४४६०१७३ इमेलः **aaorajapurbardiya@gmail.com**

नेपाल सरकार
गृह मन्त्रालय
ईलाका प्रशासन कार्यालय
राजापुर, बर्दिया

# स्वतः प्रकाशन
## (Proactive Disclosure)

लोकतन्त्रलाई संस्थागत गर्ने कार्यको लागि सूचना प्रवाहलाई महत्वपूर्ण औजारको रुपमा लिने गरिन्छ। सुशासनको मेरुदण्डको रुपमा रहेको सूचना सम्बन्धी हक नेपालको संविधानले धारा २७ मा व्यवस्था गरेको छ। सूचनाको हकलाई संविधानले नै मौलिक हकको रुपमा प्रत्याभूत गरे अनुरुप राज्यबाट हुने कार्यसम्पादनहरुलाई लोकतान्त्रिक पद्धति अनुरुप खुला तथा पारदर्शी बनाई सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल तथा सहज बनाउनका लागि सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली २०६५ को कानूनी तथा नीतिगत व्यवस्था समेत भएको छ। नेपाल सरकारले लिएको समृद्ध नेपाल, सुखी नेपालीको साझा आकांक्षालाई पुरा गर्ने दीर्घकालीन सोचका साथ केन्द्रिय सरकारको यस ईलाका प्रशासन कार्यालयले आवश्यक समन्वय, सहजिकरण र सहकार्य गर्दै आएको छ। सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ४ र सूचनाको हक सम्बन्धी नियमावली,२०६४ को नियम ३ बमोजिम यस ईलाका प्रशासन कार्यालय, राजापुर बर्दियाबाट मिति २०८३ बैशाख १ गतेदेखि असार मसान्तसम्म सम्पादन गरिएका कार्यहरुको जानकारी नागरिकहरुलाई होस भन्ने आशाका साथ तयार पारिएको छ।

## १. निकायको स्वरुप र प्रकृतिः

यो ईलाका प्रशासन कार्यालय, राजापुर बर्दिया नेपाल सरकार गृह मन्त्रालय मातहत रहने संघीय कार्यालय हो। नेपालको लुम्बिनी प्रदेश अन्तर्गत बर्दिया जिल्लाको राजापुर नगरपालिका वार्ड नं. ०४ राजापुरमा आफ्नै प्रशासकिय भवनमा ईलाका प्रशासन कार्यालय अवस्थित छ। राजापुर नगरपालिका र गेरुवा गाउँपालिकाका जनताको सेवाका लागि वि.सं. २०५२ सालमा नेपाल सरकारको गृह मन्त्रालयबाट यस ईलाका प्रशासन कार्यालयको स्थापना गरिएको हो।

राजापुर नगरपालिका र गेरुवा गाउँपालिकाबासी जनतालाई घर आँगनमा नागरिकता, नाबालक परिचयपत्र, जनजाती, मधेशी, दलित प्रमाणित, राष्ट्रिय परिचयपत्र, ठाडो उजुरी र गुनासो सुनुवाई जस्ता सेवा उपलब्ध गराउने तथा शान्ती सुरक्षा, चोरी, तस्करी नियन्त्रण, जुवा, चिठ्ठा, लागु औषध नियन्त्रण, विपद व्यवस्थापन, बजार अनुगमन, सार्वजनिक सम्पत्तिको संरक्षण तथा दैनिक प्रशासनिक कार्यको लागि यस ईलाका प्रशासन कार्यालय राजापुर स्थापना गरिएको हो। यस कार्यालयबाट राजापुर नगरपालिका क्षेत्रका करिब ६०८३१ र गेरुवा गाउँपालिकाका करिब ३३५१४ जना नागरिक सार्वजनिक सेवाबाट लाभान्वित हुँदै आएका छन्।

<u>लक्ष्यः</u>

यस कार्यालयको क्षेत्र भित्रका जनताको माग र आधारभुत आवश्यकता अनुरुप स्थानीय प्रशासनलाई नियमित, व्यवस्थित तथा प्रभावकारी बनाई सार्वजनिक सेवा प्रवाह गर्दै भरपर्दो शान्ति सुव्यवस्थाका साथै प्रभावकारी सेवा प्रवाह गर्नुसमेत यस कार्यालयको लक्ष्य रहेको छ।

<u>उदेश्यः</u>

दैनिक सेवा प्रवाह गर्दै शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको रक्षा गर्नुका साथै विकास निर्माण कार्यमा सहजीकरण गर्नु स्थानीय प्रशासनको मुख्य उदेश्य हो।

## २. निकायको काम, कर्तव्य र अधिकारः

- ईलाका क्षेत्रको शान्ति व्यवस्था र सुरक्षा कायम राख्न इलाका स्थित सुरक्षा निकायसँग समन्वयन गर्ने।
- प्रत्यायोजित अधिकारको अधिनमा रहि वंशजको आधारमा नागरिकता जारी गर्ने, सामान्य संशोधन गर्ने, प्रतिलिपि नागरिकता जारी गर्ने। अन्य प्रकृतिका नागरिकताको सम्बन्धमा राय सहित जिल्ला प्रशासन कार्यालयमा पेश गर्ने।
- ईलाका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरु, ईलाका प्रहरी कार्यालय, प्रहरी चौकी एवम् राष्ट्रय अनुसन्धानसम्बन्धी ईलाकाको काम कारवाहीको रेखदेख नियन्त्रण एवम् सुपरीवेक्षण गर्ने।
- सामाजिक संघ संस्था तथा नागरिक समाजसँग समन्वय गर्ने।
- सरकारी कार्यालय तथा गैरसरकारी संस्थाको रेखदेख समन्वय गरी सहजकर्ताको भूमिका निर्वाह गर्ने।
- लागूऔषध नियन्त्रण सम्बन्धी कार्य गर्ने।
- ईलाका भित्र घटेका घटना तथा अन्य क्रियाकलापहरुको यथासक्य चाँडो प्र.जि.अ. लाई जानकारी गराउने।
- नावालक, असहाय, बालबालिका एवम् बृद्धबृद्धाहरुको संरक्षण र विकासकार्यमा सहयोग गर्ने।
- नाबालक परिचयपत्र।
- आदिवासी जनजाती, दलित, एउटै नामथर प्रमाणित तथा सिफारिस।
- सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादकपदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण।
- विपद पिडितहरुको खोजउद्दार एवम् पुःस्थापना गर्ने कार्यमा तत्काल सहयोग पुऱ्याउने।
- ईलाका भित्र मूल्य नियन्त्रण गरी कृत्रिम अभाव, जम्माखोरी, अनुचित लाभ लिन नदिने र दैनिक उपभोगका वस्तुहरुको आपूर्तीको प्रवन्ध मिलाउन र स्थानीय तहको समन्वयमा बेलाबेलामा बजार अनुगमन गर्ने।
- अत्यावश्यक र महत्वका सूचना सङ्कलन, विश्लेषण तथा जाहेरी गर्ने।
- स्थानीयस्तरमा सञ्चालित विकास आयोजनाहरुलाई सहयोग पुऱ्याउने।
- साना प्रकृतिका जनगुनासो सुनुवाई गर्ने र मेलमिलापको वातावरण सिर्जना गर्ने गराउने।
- नेपाल सरकारले बेलाबेलामा तोकेका कार्य र प्र.जि.अ. ले प्रत्यायोजित गरेको अधिकार बमोजिम अन्य कार्यहरु गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
इलाका प्रशासन कार्यालय
राजापुर, बर्दिया

### ३. कार्यालयमा रहने कर्मचारी दरवन्दी संख्याः

कार्यालयलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्ने कानुनी प्रावधान रहेको छ।

| क्र.सं. | पद | श्रेणी | स्वीकृत दरबन्दी | पदपूर्ति | स्थायी | करार | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | शाखा अधिकृत | रा.प.तृतीय | १ | १ | १ | | ० | |
| २. | ना.सु. | रा.प.अनं. प्रथम | ३ | ३ | ३ | | ० | |
| ३. | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | १ | १ | १ | | ० | |
| ४. | सह-लेखापाल | रा.प.अनं. द्वितीय | १ | १ | १ | | ० | |
| ५. | का.स. | श्रेणीविहिन | २ | २ | | २ | ० | |
| ६. | विवरण दर्ता अपरेटर | रा.प.अनं. प्रथम | १ | १ | | १ | ० | |
| ७. | विवरण दर्ता सहयोगी | श्रेणीविहिन | १ | १ | | १ | ० | |
| ८. | माली | श्रेणीविहिन | १ | १ | | १ | ० | |

### ३. (क) कार्यरत कर्मचारीको विवरणः

| क्र.सं. | कर्मचारीको नामथर | पद | ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १. | अमृत प्रसाद सुवेदी | शाखा अधिकृत | बढैयाताल गा.पा.-०८,बर्दिया | ९८४४८५६८७६ | |
| २. | सनत कुमार तिवारी | नायब सुब्बा | विरेन्द्रनगर न.पा.-०५,सुर्खेत | ९८४८०५१९१४ | |
| ३. | प्रेमलाल चौधरी | नायब सुब्बा | गेरुवा गा.पा.-०५, बर्दिया | ९८४८२०१९८८ | |
| ४. | रमेश कुमार चौधरी | नायब सुब्बा | मधुबन न.पा.-०१, बर्दिया | ९८६८०४८०९० | |
| ५. | असोक कुमार चौधरी | कम्प्युटर अपरेटर | राजापुर न.पा.-०६, बर्दिया | ९८४८२६७१७९ | |
| ६. | कैलाश वि.क. | विवरण दर्ता अपरेटर | बेदकोट न.पा.-१०, कञ्चनपुर | ९८५८७७५०५३ | |
| ७. | तिर्थ बहादुर सिंह | सह-लेखापाल | गेरुवा गा.पा.-०५, बर्दिया | ९८६८१११३५७ | |
| ८. | कुल बहादुर थारु | कार्यालय सहयोगी | राजापुर न.पा.-०८, बर्दिया | ९८४८०६६२७८ | |
| ९. | हिमाल बहादुर थापा | कार्यालय सहयोगी | राजापुर न.पा.-०६, बर्दिया | ९८४८२५५११३ | |
| १०. | उस्मा दहित | विवरण दर्ता सहयोगी | बाँसगढी न.पा.-०५, बर्दिया | ९८१९५१२९९८ | |
| ११. | सुस्मा कुमारी थारु | माली | राजापुर न.पा.-०२, बर्दिया | ९७६३८७३२०२ | |

### ४. निकायबाट प्रदान गरिने सेवाः

- नयाँ नागरिकता तथा प्रतिलिपि नागरिकता वितरण
- नाबालक परिचयपत्र
- राष्ट्रिय परिचयपत्र
- राहदानीको आवेदन संकलन तथा विवरण
- ठाडो उजुरी दर्ता, कारवाही र किनारा
- जातीयता प्रमाणिकरण
- नामथर प्रमाणिकरण

## ५. कार्यविवरणः

| शाखा/फाँट | कार्यविवरण | शाखा/फाँटप्रमुख | कोठा नं. |
|---|---|---|---|
| कार्यालय प्रमुख | | अमृत प्रसाद सुवेदी | ७ |
| नयाँ नागरिकता | प्रत्यायोजित अधिकार बमोजिम सदर भएका निवेदनका आधारमा नेपाली नागरिकता तयार गरी कार्यालय प्रमुख समक्ष पेश गर्ने। | ना.सु. प्रेमलाल चौधरी | ३ |
| नागरिकता प्रतिलिपि | - पुरानो नागरिकताको प्रतिलिपि<br>- अन्य जिल्लाबाट जारी भएका नागरिकताको अभिलेख कायम गरी प्रतिलिपि<br>- पतिको नामथर, वतन कायम गरी प्रतिलिपि<br>- पतिको नामथर, वतन हटाई प्रतिलिपि आदि। | ना.सु. रमेश कुमार चौधरी | २ |
| राहदानी शाखा | - राहदानीको फाराम संकलन<br>- राहदानी वितरण<br>- राहदानीको द्रुत सिफारिस<br>- राहदानी अभिलेख | हाललाई यस जिल्लामा नयाँ राहदानी, राहदानी नविकरण तथा हराएको राहदानी बनाउन जिल्ला प्रशासन कार्यालय गुलरिया, बर्दियाबाट मात्र सेवा सुचारु रहेको। | |
| प्रशासन तथा अन्य | - जनजाती, दलित प्रमाणित, फरक नामथर प्रमाणित<br>- विपद् राहत निवेदन उपर कारवाही<br>- बैठकसमन्वय, सञ्चालन, अभिलेख आदि।<br>- चिठीपत्र, परिपत्र, जवाफ तथा अभिलेख आदि।<br>- सरकारी तथा सार्वजनिक सम्पत्ति (घरजग्गा, सवारीसाधन आदि) अभिलेख<br>- विविध सिफारिस तथा प्रमाणित<br>- कर्मचारी प्रशासन सम्बन्धी कार्य<br>- संघसंस्था नविकरण, अभिलेखन<br>- गुनासो सुनुवाई तथा पर्छ्यौट आदिमा सहजिकरण तथा अभिलेखन<br>- अभिलेख व्यवस्थापन सम्बन्धी अन्य कार्य | ना.सु. सनत कुमार तिवारी | ३ |
| सूचना प्रविधि शाखा | - नागरिकता Entry तथा Print गर्ने<br>- पुरानो अभिलेखको CCIMS मा Data Entry गर्ने<br>- Email तथा परिपत्रहरु प्रिन्ट गर्ने/जवाफ पठाउने<br>- कम्प्युटर तथा सफ्टवेर प्रमाणीको प्रयोग तथा व्यवस्थापन | क.अ. असोक कुमार चौधरी | १ |
| आर्थिक प्रशासन शाखा | - आर्थिक व्यवस्थापनसँग सम्बन्धीत तोकिए बमोजिमका तथा आकस्मिक कार्यहरु | स.ले.पा. तिर्थ बहादुर सिंह | ४ |
| नाबालक परिचयपत्र | - कागजात हरी प्रक्रिया पुरा गरी नाबालक परिचयपत्र प्रदान गर्ने। | ना.सु. सनत कुमार तिवारी | ३ |
| राष्ट्रिय परिचयपत्र | - विवरण दर्ता गर्ने | वि.द.अ. कैलाश वि.क. | ६ |

## ६. सेवा प्राप्त गर्ने प्रक्रिया, लाग्ने दस्तुर र अवधिः

यस कार्यालयबाट प्रवाह हुने सेवामा तोकिएको दरको हुलाक टिकट बाहेक अन्य कुनै दस्तुर नलाग्ने।

नेपाल सरकार
गृह मन्त्रालय
इलाका प्रशासन कार्यालय
राजापुर, बर्दिया

| क्र.सं. | सेवाको विवरण | आवश्यक कागजात र प्रमाण | लाग्ने समय | शुल्क | जिम्मेवार शाखा/फाँट | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १. | नयाँ नागरिकता/वंशज/वैवाहिक अंगीकृत | **वंशजका आधारमा**<br>- गा.पा./न.पा. को सिफारिस (अनुसूची-१)<br>- बाबु/आमाको ना.प्र. सक्कल/प्रतिलिपि<br>- शैक्षिक प्रमाणपत्र/जन्मदर्ता प्र.प्र.<br>- सनाखत गर्ने व्यक्तिको ना.प्र. सक्कल/प्रतिलिपि<br>- विवाहित महिलाको हकमा पति/बाबु वा दाजुभाई/आमाको ना.प्र. सक्कल/प्रतिलिपि (बाहिरी जिल्लाको हकमा माइतीपक्षको ना.प्र. सम्बन्धी सम्बन्धित जिल्लाको अभिलेखपत्र)<br>- बसाईसराईको हकमा अभिलेख प्राप्त भएपछि<br>- बसाईसराई दर्ता प्रमाणपत्र<br>- जग्गाधनी दर्ता प्रमाणपुर्जा/ नक्सापास<br>**वैवाहिक अंगीकृतका लागी**<br>- स्थानीय तहको सिफारिस<br>- नेपाल नागरिकता ऐन २०६३ को अनुसूची-७ को फाराममा स्थानीय तहको सिफारिस<br>- आफ्नो विगतक अन्यत्र राष्ट्रको राष्ट्रियता खुल्ने आधिकारिक प्रमाण<br>- पतिको नागरिकता प्रमाणपत्र (नेपाली)<br>- भारत बाहेक अन्य देशका नागरिकको हकमा नेपाल आएको स्पष्ट देखिने राहदानी एवम् भिसाको फोटोकपि<br>- उमेर खुल्ने प्रमाण<br>- विगतको अन्यत्र राष्ट्रको राष्ट्रियता कायम रहेको देशको नागरिकता परित्याग गर्ने कारवाही चलाएको निस्सा वा नागरिकता परित्याग गरेको प्रमाण<br>- पतिको मृत्यु भएको भए ससुरा, सासु, देवर, जेठाजुको नागरिकता प्रमाणपत्र र सनाखत, थप बुझ्नुपर्ने आवश्यक भएमा प्रहरी सर्जमिन, रित पूर्वकको सपथ-पत्र | प्रमाण पुगेमा सोही दिन/ अन्तर जिल्लाको हकमा नागरिकता अभिलेख रुजू भएपछि | रु. १० को हुलाक टिकट | नागरिकता फाँट | कार्यालय प्रमुख |
| २. | नागरिकता प्रतिलिपि | - प्रतिलिपि नागरिकताको प्रमाणपत्र प्रदान गर्न हालसालै खिचिएको फोटो टाँस भएको रितपूर्वकको स्थानीय तहको सिफारिस<br>- बसाईसरी आएकाको हकमा बसाईसराई दर्ता प्रमाण पत्र, जग्गाधनी प्रमाण पुर्जा, घर निर्माणगर्ने स्वीकृति पत्र, सम्बन्धित जिल्लाको अभिलेख<br>**पतिको नामथर थप्ने, संशोधन वा हटाउनका लागि थप कागजात**<br>- व्यहोरा खुलेको स्थानीय तहको किटानी सिफारिस<br>- सम्बन्ध विच्छेद वा विवाह दर्ता प्रमाणपत्र (स्थानीय तहबाट घटना दर्ता) | नागरिकता अभिलेख रुजु भएपछि | | | |

नेपाल सरकार
गृह मन्त्रालय
इलाका प्रशासन कार्यालय
राजापुर, बर्दिया

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | - व्यहोरा खुलेको माग निवेदन<br>- पुनः विवाह गरेको भएमा पतिको नागरिकताको प्रमाणपत्र र सनाखत<br>- अघिल्लो पतिको मृत्यु भएको भए मृत्युदर्ता<br>- अदालतबाट नाता कायम गरेको फैसलाको प्रतिलिपि | | | | |
| ३. | राहदानी | - हाललाई यस जिल्लामा नयाँ राहदानी, राहदानी नविकरण तथा हराएको राहदानी बनाउन जिल्ला प्रशासन कार्यालय गुलरिया, बर्दियाबाट मात्र सेवा सुचारु रहेको। तर नाबालकको हकमा नाबालक परिचयपत्र र संरक्षकको निवेदनमाग बमोजिम राहदानीका लागि द्रुत सिफारिस हुने। | प्रमाण पुगेमा सोहीदिन | द्रुत सिफारिसका लागि निशुल्क | राहदानी | कार्यालय प्रमुख |
| ४. | नाबालक परिचयपत्र | - स्थानीय तहले गरेको सिफारिस<br>- बाबु र आमाको नागरिकताको प्रमाणपत्र<br>- जन्मदर्ता प्रमाणपत्र<br>- बाबु र आमाको विवाहदर्ता प्रमाणपत्र<br>- नाबालकको शैक्षिक योग्यताको प्रमाणपत्र<br>**बाहीरी जिल्लाको नागरिकताको प्रमाणपत्र भए:**<br>- बसाईसराई दर्ता प्रमाणपत्र<br>- जग्गाधनी दर्ता प्रमाणपत्र<br>नेपाल बाहिर (भारत बाहेक) जन्मस्थान हुनेको हकमा अस्पतालको Birth Certificate/Travel Document वा राहदानी | प्रमाण पुगेमा सोहीदिन | निशुल्क | प्रशासन | कार्यालय प्रमुख |
| ५. | विपद् व्यवस्थापन | - निवेदन<br>- सक्कलै प्रहरी सर्जमिन मुचुल्का र घटनास्थल मुचुल्का<br>- स्थानीय तहको सिफारिस<br>- क्षति मुल्यांकनको प्रमाणित फारम | जिल्ला प्रशासन कार्यालयमा सिफारिस गरिने | निशुल्क | प्रशासन | कार्यालय प्रमुख |
| ६. | प्रमाणित तथा सिफारिस | - निवेदन<br>- नागरिकता प्रमाणपत्र<br>- सम्बन्धित स्थानीय तहको सिफारिस<br>- आवश्यक भएमा बसाईसराई/विवादर्ता प्रमाणपत्र<br>- नामथर वा अन्य फरक परेमा सो खुलाउने सम्बन्धित कागजात | प्रमाण पुगेमा सोही दिन | रु. १० को हुलाक टिकट | प्रशासन | कार्यालय प्रमुख |
| ७. | राष्ट्रिय परिचयपत्र | - सक्कल नागरिकता<br>- विवाहित भए विवाहदर्ता/ विवाह प्रमाणित/नाता प्रमाणित | प्रमाण पुगेमा सोही दिन | निशुल्क | राष्ट्रिय परिचयपत्र | कार्यालय प्रमुख |

## ७. सम्पादन गरेको कामको विवरणः

क. नागरिकताः

| महिना | नयाँ नागरिकता | प्रतिलिपि | जम्मा | कैफियत |
|---|---|---|---|---|
| बैशाख | ४२० | २८५ | ७०५ | |
| जेठ | ३४८ | २३४ | ५८२ | |
| असार | २१२ | २३५ | ४४७ | |

ख. गुनासो तथा उजुरीः

| विवरण | बैशाख | | | जेठ | | | असार | | | बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अ.ल्या | नयाँ | फर्छ्यौट | अ.ल्या | नयाँ | फर्छ्यौट | अ.ल्या | नयाँ | फर्छ्यौट | |
| ठाडो उजुरी/गुनासो | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| लिखित जवाफ | - | - | - | - | - | - | - | - | - | - |
| छानविन प्रतिवेदन | - | - | - | - | - | - | - | - | - | - |

ग. स्थानीय प्रशासनः

| महिना | नाबालक परचियपत्र | आ.ज.,दलित,खसआर्य , मधेसी प्रमाणित | सरुवा/बढुवा | बजारअनुगमन | विविध सिफारिस/प्रमाणित |
|---|---|---|---|---|---|
| बैशाख | १ | ६५ | - | १ | |
| जेठ | ० | १०६ | - | - | |
| असार | ० | २६ | - | १ | |

घ. राष्ट्रिय परिचयपत्रः

| महिना | विवरण दर्ता संख्या | राष्ट्रिय परिचयपत्र नम्बर प्रदान |
|---|---|---|
| बैशाख | ७७१ | ३२७ |
| जेठ | ७८० | ४०१ |
| असार | ६३० | ३७२ |

## ८. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

आवश्यक प्रमाण कागजातहरु तोकिएको कानूनी प्रक्रिया पुरा गरी तोक आदेश र टिप्पणी आदेश मार्फत

- कार्यालय प्रमुख वा
- प्रमुख जिल्ला अधिकारी वा
- प्रचलित कानूनले तोकेको भएमा सोही बमोजिम

## ९. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

- प्रमुख जिल्ला अधिकारी वा
- प्रचलित कानूनले तोकेको भएमा सोही बमोजिम

## १०. गुनासो सुन्ने अधिकारी र सूचना अधिकारीको

नामथर र पदः

- शाखा अधिकृत, श्री अमृत प्रसाद सुवेदी
- सूचना अधिकारी, नायब सुब्बा श्री प्रेमलाल चौधरी

## ११. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरणः

आ.ब. २०८२/०८३ चौथो त्रैमासिकको ईलाका प्रशासन कार्यालय राजापुरको आम्दानी तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक त्रैमासिक विवरण

| क्र.सं. | ब.उ.शि.नं. | चौथो त्रैमासिक खर्चको विवरण | |
|---|---|---|---|
| | ईलाका प्रशासन कार्यालय | अन्तिम बजेट | खर्च |
| १. | ३१४९२०१३३ (चालु) | ६०२७८१३ | ६०१०४४३ |
| २. | ३१४९२०१३४ (पुँजिगत) | ८१८००० | ८१७९१३ |
| | राष्ट्रिय परिचयपत्र | अन्तिम बजेट | खर्च |
| ३. | ३१४०१०११३ (चालु) | ९११००० | ९१०४४० |
| ४. | ३१४०१०११४ (पुँजिगत) | ४६००० | ४६००० |
| | जम्मा | ७८०२८१३ | ७७८४७९६ |

जम्मा चालु खर्चः ६९२०८८३

जम्मा चालु निकासाः ६९२०८८३

जम्मा पुँजिगत खर्चः ८६३९१३

जम्मा पुँजिगत निकासाः ८६३९१३

१२. तोकिए बमोजिमका अन्य विवरण

नभएको

१३. अघिल्लो आ.व. मा संचालित कार्यक्रमहरु

अन्य कार्यक्रम नभएको

१४. कार्यालयको वेबसाइट

यस कार्यालयको aaorajapur.moha.gov.np रहेकोछ।

१५. कार्यालयले प्राप्त गरेको बैदेशिक सहायत, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण

कुनै नभएको

१६. कार्यालयले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन

-

१७. कार्यालयले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी

वर्गिकरण नभएको

१८. कार्यालयमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय

नभएको

१९. कार्यालयका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरण

Website: aaorajapur.moha.gov.np

२०. ऐन, नियम वा निर्देशिकाको सूचीः

- ✓ मुलुकी संहिता ऐन, २०७४
- ✓ मुलुकी ऐन, २०२०
- ✓ कारागार ऐन, २०१९
- ✓ कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२
- ✓ केही सार्जजनिक अपराध र सजाय ऐन, २०२७
- ✓ छापाखाना र प्रशासन सम्बन्धी ऐन, २०४८
- ✓ संस्था दर्ता ऐन, २०३४
- ✓ स्थानिय प्रशासन ऐन, २०२८
- ✓ हातहतियार खरखजाना ऐन, २०१९
- ✓ नेपाल नागरिकता ऐन, २०६३
- ✓ यातना क्षतिपुर्ति ऐन, २०५३
- ✓ जग्गा प्राप्ति ऐन, २०३४
- ✓ भ्रष्टाचार निवारण ऐन, २०५९
- ✓ विष्फोटक पदार्थ ऐन, २०१८

- ✓ सामाजिक व्यवहार(सुधार) ऐन २०३३
- ✓ सार्वजनिक सुरक्षा ऐन २०४६
- ✓ आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय)अध्यादेश २०६०
- ✓ आवश्यक सेवा संचालन ऐन २०१४
- ✓ प्राचिन स्मारक संरक्षण ऐन २०१३
- ✓ राज्यविरुद्ध अपराध र सजाय ऐन २०४६
- ✓ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४
- ✓ लागुऔषध (नियन्त्रण) ऐन २०३३
- ✓ अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८
- ✓ होटल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन २०२३
- ✓ राहदानी ऐन २०७६
- ✓ मदिरा ऐन २०३१
- ✓ वालवालिका सम्बन्धी ऐन २०४८
- ✓ निजामती सेवा ऐन २०४९
- ✓ सवारी तथा यातायात व्यवस्था ऐन २०४९
- ✓ चन्दा ऐन २०३०
- ✓ जुवा ऐन २०२०
- ✓ स्थानीय सरकार संचालन ऐन २०७४
- ✓ उपभोक्ता संरक्षण ऐन २०७५

**नियमावलीहरु**

- ✓ उमेर, नाम र जात सच्याउने नियमहरु, २०१७
- ✓ नेपाल नागरिकता नियमावली, २०६३
- ✓ विष्फोटक पदार्थ नियम, २०२०
- ✓ हातहतियार खरखजना नियमावली, २०२८
- ✓ प्रशासकीय कार्य फछ्र्यौट नियमहरु ,२०२६
- ✓ सरकारी कार्यालय निरीक्षण नियमावली, २०२६
- ✓ कारागार नियमावली, २०२०
- ✓ संस्थादर्ता नियमावली, २०३४
- ✓ अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०६९
- ✓ होटल व्यवस्था तथा मदिरा विक्री वितरण (नियन्त्रण) अधिकारी तोक्ने नियमावली,२०२४
- ✓ राहदानी नियमावली, २०७७
- ✓ सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४
- ✓ चिठ्ठा नियमावली, २०२७
- ✓ जग्गा प्राप्ति नियमहरु
- ✓ निजामती सेवा नियमावली, २०५०
- ✓ प्राचिन स्मारक सरक्षण नियमावली, २०४६
- ✓ मदिरा नियमहरु, २०३३
- ✓ सामाजिक व्यवहार सुधार नियमावली, २०३३

प्रेमलाल चौधरी
सूचना अधिकारी

अमृत प्रसाद सुवेदी
कार्यालय प्रमुख
अमृत प्रसाद सुबेदी
शाखा अधिकृत